# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र


बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ०९ संख्याः१९ मितिः २०८३/०३/२९


## भाग १

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

**बन्दीपुर गाउँपालिकाबाट कर तथा गैरकर राजस्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३**

# बन्दीपुर गाउँपालिकाबाट कर तथा गैरकर राजस्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३

**प्रस्तावना**: बन्दिपुर गाउँपालिकाको समग्र विकासका लागि यस गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्वन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले, बन्दिपुर गाउँपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) ,धारा २२८ को उपधारा (२) तथा अनुसूचि ८ को अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४, व्यवस्था बमोजिम यो कानून बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बन्दिपुर गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०८३" रहेको छ।

(२) यो ऐन गाउँपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो सब्दले सो करको अतिरिक्त यस ऐन तथा प्रचलित कानून बमोजिम सो मा लाग्ने व्यज (हर्जना) शुल्क वा जरिवाना समेतलाई जनाउँछ।

(ग) "कर अधिकृत" भन्नाले गाउँपालिलाकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त शाखा वा प्रमुख प्रशासकीय अधिकृतद्धारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने गाउँपालाकाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ।

(घ) "कर शाखा/एकाई" भन्नाले बन्दिपुर गाउँपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने जिम्मेवार प्राप्त कार्यपालिकाको कार्यालय अन्तरगत शाखा वा वडा कार्यालय वा राजस्व प्रशासनको लागि गठन गरिएको प्रशासनिक संरचना सम्झनु पर्छ।

(ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(च) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानुन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण तथा संशोधित कर निर्धारणलाई समेत जनाउँछ।

(छ) "गैरकर राजस्व" भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ।

(ज) "वडा कार्यालय" भन्नाले वडा समितिको कार्यालयलाई जनाउँछ।

(झ) "कार्यपालिका " भन्नाले गाउँपालिका सम्झनु पर्छ।

(ञ) "स्थानीय तह " भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्छ।

(ट) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ।

(ठ) "अध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, बमोजजिम तोकिएको गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ।

(ढ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभए को जुनसुकै फर्म सम्झनु पर्छ।

(ण) )"व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(त) "तोकिएको "वा "तोकिए बमोजिम " भन्नाले यस ऐन स ऐन अन्तरगत बनेको नियम, कार्यविधि वा विनियम तोकिएको वा तोकिए बमोजिम समझनु पर्छ।

(थ) "सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्छ।

(द) "समिति" भन्नाले यस ऐन बमोजिम गठन भएको राजस्व परामर्श समितिलाई सम्झनु पर्छ।

(ध) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकारलाई जनाउँछ।

(न) "प्रदेश ऐन" भन्नाले गण्डकी प्रदेशको आर्थिक ऐन लाई सम्झनु पर्छ।

(प) "स्थानीय सरकार" भन्नाले बन्दिपुर गाउँपालिकाको सभा सम्झनु पर्छ।

(भ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

**व्याख्याः** यो ऐनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद-२
## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

**४. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :** (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट,

(ङ) कर तिर्ने स्वप्रेरणा,

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने,

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

**५. राजस्वका क्षेत्र र आधारः** गाउँपालिकाको परिच्छेद ४ बमोजिमको कर ,परिच्छेद ११ बमोजिमको छुट,जरिवाना, शुल्क, व्याज (हर्जना) तथा परिच्छेद १४ बमोजिमको सेवा शुल्क, दस्तुरका आधारमा राजस्व संकलन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक गाउँपालिकालाई प्रचलित कानून बमोजिम अन्य कर तथआ गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व गाउँपालिकाकको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ।

## परिच्छेद-३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**६.कर प्रशासन :** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्र भित्रको कर तथा गैरकरको प्रशासनिक कार्य गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राजश्व प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार राजस्व शाखा तथा आवाश्यकता अनुसार राजस्व संकलन इकाइहरु रहन सक्नेछन् ।

**७.कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) राजस्व शाखा प्रमुखले कर अधिकृतको हैसियतले काम गर्नेछ । राजस्व शाखामा स्थानीय सरकारबाट स्वीकृत दरवन्दी अनुसारका बिभिन्न तहका कर्मचारी रहन सक्नेछन् ।

(२) राजस्व शाखामा स्वीकृत दरवन्दीका आधारमा राजस्व शाखा, वडा कार्यालयहरुमा, राजस्व संकलन गर्ने स्थानमा राजस्व सम्बन्धी काम गर्ने गरी एक वा सो भन्दा बढी तहका कर्मचारीहरुलाई काममा लगाउन सक्नेछ ।

**८. कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर तथा गैर कर राजस्व संकलन गर्ने ।

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासन सुधारका उपायहरु बारेमा कार्यपालिकालाई सुझाव दिने ।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने।

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख लगाउने।

(ट) राजस्व सम्बन्धी बिवरण तथा अभिलेखहरु सुरक्षित दुरुस्त र व्यवस्थित राख्ने ।

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

(ड) कर सम्बन्धी अन्य काम गर्ने।

**९. अधिकार प्रत्यायोजनः** (१) प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैर कर राजस्व उठाउने अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३ प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा कार्यपलिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

**१०. प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) यस ऐन बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) यस ऐन बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४
## कर राजस्व सम्बन्धी व्यवस्था

**११. सम्पत्ति करः** (१) बन्दिपुर गाउँपालिकाले अफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको व्यक्ति वा संस्थाको घर र जग्गामा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) सम्पत्ति कर लगाउँदा गाउँपालिकाको क्षेत्र भित्र रहेको घर, टहरा, तथा भवन र सोले चर्चेको जग्गामा सम्पत्ति कर लिइने र असूल उपर गरिनेछ ।

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि चर्चेको जग्गा भन्नाले नक्सा पास गर्दाको बखतमा समावेस भएका कित्ताहरु समेतको जग्गा सम्झनु पर्छ ।**

(३) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(४) बन्दिपुर गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त मिलाई राखु पर्नेछ ।

(५) उपदफा (१) को प्रयोजनको लागि घर र जग्गाको कर निर्धारणका लागि मूल्यांकन देहाय बमोजिम गरिनेछः

(क) घर र जग्गाको आकार ,प्रकार, बनौट र उपयोगको अवस्था (कच्ची वा पक्की) ।

(ख) घर जग्गा सँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसंगको दुरी,

(ग) घर र जग्गाको चलनचल्तीको मूल्य,

(घ) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

(६) उपदफा (५) बमोजिम घर जग्गा मूल्यांकन गर्नका लागि गाउँपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको घर जग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा स्थानीय राजस्व परामर्श समितिले नै गर्नेछ ।

(क) स्थानीय सरकारले तोकेको ईञ्जिनियर वा प्राविधिक -संयोजक,

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य.

(ग) स्थानीय सरकारले तोकेको घरजग्गा सम्बन्धी विज्ञ - दुई सदस्य,

(घ) राजस्व शाखा प्रमुख - सदस्य सचिव

(७) घर जग्गा मूल्यांकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) उपदफा (६) बमोजिम गठित घर जग्गा मूल्यांकन समितिको कार्यवधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक तीन वर्षमा घर जग्गा मूल्याङकनका आधार र दररेटको सुझाव गाउँपालिकामा सिफारिस गर्नेछ। यसरी नर्धारण भएको मूल्याङकन लागु हुनमे आर्थिक वर्ष सम्म परिवर्तन हुनेछैन।

(९) घर जग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(१०) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वरावर हक।

(११) करदाताले यस दफा बमोजिम दाखिला गर्नुपर्ने सम्पत्ति कर प्रत्येक आर्थिक वर्ष भित्र दाखिला गर्नु पर्नेछ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने संपत्ति कर दाखीला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामीत्वमा रहेको घर जग्गा ,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घे र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी संचालन गरिएको सरकारी शिक्षण संस्था,कम्पनी,समिति,प्राधिकरण,बोर्ड, र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी संचालनमा भएका संघ संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था( मन्दीर, गुम्बा,चर्च, मस्जिद आदीको) घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी,विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला ऊद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु ,

(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र जग्गा।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि वस्तुस्थिति व्यवसायिक प्रयोजनको रहेछ भने कर छुट हुनेछैन।

(१४) यस दफा बमोजिम सम्पत्ति करको लागि करदाता पहिचान, बिवरण संकलन अभिलेख प्रणाली, सम्पत्ति मूल्याङकन,कर असुली कर सहुलियत तथा जरिवाना सम्बन धी व्यवस्थाका लागि आवाश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्नेछ।

**१२. भूमिकर (मालपोत):** (१) गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लागाउने र उठाउनेछ, त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ।

(३) गाउँपालिकाले यस दफा बमोजिमको भूमीकर (मालपोत) र दफा ११ बमोजिमको सम्पत्ति कर एकैसाथ उठाउन सक्नेछ। तर सम्पत्ति करमा समावेस भएका जग्गाको मालपोत लाग्ने छैन।

(४) दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि गुठीको स्वामित्वमा रहेको जग्गा, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन।

(५) गाउँपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा आधार र कारण खोली गाउँपालिकाले सबै क्षेत्र त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन। त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि वस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ।

(७) करदाताले यस दफा बमोजिमको भूमिकर (मालपोत) प्रत्येक वर्ष सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ।

(८) प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएको सोको आधार र कारण खोली बन्दिपुर गाउँपालिकाको सबै वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन।

(९) उपदफा (८) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि वस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ।

**१३.घर बहाल करः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज ,गोदाम, टहरा, सेड,(छप्पर) कारखाना यस्तै पक्की वा कच्ची संरचना जग्गा वा पोखारी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वार्षिक बहाल रकममा घर बहाल कर लगाउनर र असुल उपर गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोबास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर जग्गा वहालमा दिएकोमा समेत गाउँपालिकाले यस ऐन बमोजिम घर बहाल कर लगाउनेछ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोबास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वमित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायवाट प्रचलित कानून बमोजिम खालि गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाक कर तिरेको कारणले मात्र कुनै किसिमको बाधा पारेको मानिनेछैन।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घर बहाल करको दर गाउऊपालिकाको सभाद्धारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(५) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ। कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

(६) घर बहालमा दिंदा प्रत्येक घर धनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट राजस्व शाखा वा वडा कार्यालयहरुमा घर बहाल कर बुझाउनु पर्नेछ।

(८) घर बहाल करको प्रयोजनको लागि गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार बनौट समेतका आधारमा वर्गिकरण गरी बहालको न्यूनतम मासिक दर निर्धारण गरी लागु गर्न सक्नेछ।

(९) यस दफा बमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान, बिवरण संकलन अभिलेख प्रणाली, सम्पत्ति मूल्याङकन,कर असुली कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यवस्थाका लागि आवाश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्नेछ।

(१०) घर वहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्ष भित्र पेश गर्नु पर्नेछ।

(९) करदाताले यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्ष भित्र दाखिला गर्नु पर्नेछ।

**१४.व्यवसाय करः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूजींगत लगानी र आर्थिक कारोबार गर्न चाहाने व्यक्ति वा संस्थाले गाउँपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ ।तर यस ऐन प्रारम्भ हुनु भन्दा अगावै गाउँपालिकामा गर्दा नगरी संचालनमा रहेको व्यवसायको हकमा यस ऐन जारी भएको मितिले ६ महिना भित्र यस ऐन बमोजिम गाउँपालिकामा दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरी सो को प्रमाण पत्र प्राप्त गर्ने व्यवसायीले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गराउनु पर्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति,प्रकार एंव पूजींगत लगानी र आर्थिक कारोबारका आधारमा वर्गिकरण गरी व्यवसाय दर्ता र नविकरण शुल्क गाउँपालिकाको सभा द्धारा स्वीकृत आर्तिक ऐनले तोकेको दरमा व्यवसाय कर लगाउने र उठाउनेछ।

(४) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी राजस्व शाखा वा वडा कार्यालयलाई दिनु पर्नेछ।

(५) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ।

(६) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र राजस्व शाखा वा वडा कार्यालयमा जानकारी दिनु पर्नेछ।

(७) करदाताले यस दफा बमोजिम पेश गरेका विवरण राजस्व शाखा प्रमुखले आवाश्यक छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ।

(८) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ।

(९) कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ।

(१०) व्यवसाय दर्ता, खारेजी, नविकरण प्रकृया तथा व्यवसाय वर्गिकरण एंव कर असूली, कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यवस्थाका लागि आवाश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

**१५.घर जग्गा रजिष्ट्रेसन शुल्कः** (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिम घर जग्गा रजिष्ट्रेसन शुल्क लगाउने र उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क उठाउन गाउँपालिकामा स्रोत, साधन,प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभए सम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाइनेछ ।

(३) उपदफा (२) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड हुनेछ ।

**१६. सवारी साधन कर**ः (१) सवारी साधन कर सम्बन्धी व्यवस्था प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।प्रदेश कानून बमोजिमको दररेट तोकेर कर लगाउनेछ ।

(२) गाउँपालिकाले कर लगुने भनि तोकिएका सवारी साधनहरुको दर्ता, अनूमति,नविकरण ,नियमन तथा सूचिकरणको लागि कार्यपालिकाले आवाश्यक कार्यविधि बनाई लागु गर्नेछ ।

**१७.मनोरन्जन कर**ः (१) गाउँपालिका क्षेत्रभित्र प्रदेश कानुनले तोके बमोजिम मनोरन्जन कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको असूल गरेको मनोरञ्जन करको रकम गाउँपालिकाको स्थानीय विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम स्थानीय विभाज्य कोषमा दाखिला भएको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

**१८. विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रसारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड,ग्लोबोर्ड, स्टल आदिमा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फवाट राखेका विज्ञापनमा यस ऐन बमोजिम कर लगाइने छैन ।

(२) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न चाहाने व्यक्ति वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ र विज्ञापन कर निजबाट असूल उपर गरिनेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने छ।

(४) उपदफा (२) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्ख पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(५) कुनै कम्पनी, फर्म, एजेन्सी, संघ संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापट्टी (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संघ संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि राजस्व शाखाले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्ने छ ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहा हुन सक्ने छैन।

(८) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन।

(९) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन बापतको रकम स्थानीय विभाज्य कोषमा गरी प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

(१०) यस दफा बमोजिम कर उठाउन आवाश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१९.जडिबुटी,कवाडी र जीवजन्तु कर**ः (१) गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तोको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरे बापत गाउँपालिकाको सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबबुटी,कवाडी तथा जीवजन्तु कर लगाइने र उठाइनेछ ।

**स्पष्टीकरणः यस दफाको प्रयोजनमो लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जानने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार भएको वस्तुको परिमाणको आधारमा कर लगाउने छ ।**

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ

## परिच्छेद-५

## करदाता दर्ता सम्वन्धी व्यवस्था

**२०.करदाताको पहिचान तथा दर्ताः** (१) गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४, बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर गाउँपालिकालाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्बर प्रदान गरी व्यक्तिगत अभिलेखमा दर्ता गरी राखु पर्नेछ।

(५) उपदफा (४) बमोजिम करदातको पहिचान नम्बर प्रदान गर्दा करदाताले गाउँपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका वा गाउँपालिकावाट करदाता पहिचान नम्बर प्राप्त गरेका करदाताले कर सम्वन्धि कारोवार गर्दा सोहि नम्बरको स्थायी लेखा नम्बर प्रयोग गर्नु पर्नेछ।

**२१. करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुःल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव र अभिलेख दुरुस्त राख,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउन,

(छ) कर संकलन कार्यमा गाउँपालिकालई आवश्यक सहयोग गर्ने।

**२२. करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना,तथ्यांक र विवरणको गोपनियता अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ।

**२३. करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य,माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पस्टीकरणःयस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।**

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ।

## परिच्छेद-६

## विवरण दाखिला सम्वन्धि व्यवस्था

**२४. विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र राजस्वा शाखा वा वडा कर्यालयले विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ।

**२५. विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिल भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी पहिलो विवरण दाखिल भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य वा प्रमाण संलग्न गरी सही अंक सहितको अर्को विवरण को लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आऐको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवाश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिन भित्र विवरण सच्याउने स्वीकृती दिन सक्नेछ।

## परिच्छेद -७

## कर दाखिला सम्वन्धी व्यवस्था

**२६. कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेदहरुमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको आश्विन मसान्त भित्र गाउँपालिकाको राजस्व शाखा वा वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ।

**२७. कर दाखिलाको निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

**परिच्छेद -८**

**कर फिर्ता र समायोजन**

**२८. कर फिर्ता सम्वन्धी व्यवस्था** : (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखीला गरेकोमा चालु आर्थिक वर्ष भित्र सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उप दफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकिय अधिकृतको स्वीकृती लिई निवेदन परेको तीन महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

**२९. कर समायोजन सम्वन्धी व्यवस्था** : (१) करदाताले दफा २८ वमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उप दफा (१) वमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकिय अधिकृतको स्वीकृती लिई निवेदन परेको तीन महिना भित्र माग बमोजिम समायोजन गर्न अदेश दिनु पर्नेछ।

## परिच्छेद -९

## कर परिक्षण र कर निर्धारण

**३०. कर परिक्षण र कर निर्धारणः** (१) एस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा,

(ग) कारोवारको विवरण यथार्थ देखाएको भनी विश्वास गर्न सकिने मानसिब कारण नदेखिएमा ।

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा।

(ङ) करको दर फरक पारेकोमा।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतलेप उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

३१**. कर निर्धारणको सूचनाः** (१) यस ऐन वमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन वमोजिम को कर दाखीला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सिमा भित्र कर दाखीला गर्नु पर्ने छ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखीला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ।

## परिच्छेद - १०

## कर संकलन सम्बन्धी व्यवस्था

**३२. कर संकलन सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका वमोजिम कर असूल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ढ) करदाताको कारोवार रोक्का गरेर।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा वढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

**३३. किस्तावन्दीमा कर असूलीः** कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्ष भित्र तीन किस्तामा कर दाखीला गर्न आदेश दिन सक्नेछ। तर ढिला बुझाए वापत यस ऐन वमोजिम लाग्ने व्याज मिन्हा हुने छैन।

## परिच्छेद - ११

## छुट, जरिवाना शुःल्क र व्याज (हर्जना) सम्बन्धी व्यवस्था

**३४.छुट वा सहुलियत वा मिनाहाः** (१)गाउँपालीकाले प्राकृतिक विपद्,महामारी वा खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर तथा गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रूपमा छुट वा अन्य किसिमको सहुलियत दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) वार्षिक रुपमा बुझाउँनु पर्ने अग्रिम रुपमा सभाद्धरा स्वीकृत आर्थिक ऐनले तोकिएको बमोजिम समायावधि भित्र कर राजस्व बुझाएमा लाग्ने रकममा दिइने छुटको दर आर्थिक ऐनले तोके बनोजिम छुट दिइनेछ।

(३) महिला अशक्त तथा अति विपन्न वर्गलाई प्रोत्साहन गर्न तथा गाउँपालिकाको व्यवस्थित विकासमा प्रोत्साहन हुने गरी निर्माण कार्य गराउन कर राजस्वमा आर्थिक ऐनले तोके बमोजिम छुट दिइनेछ।

(४) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(५) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ।

**३५.जरिवाना लाग्नेः** (१) यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको पन्ध्र प्रतिशत जरिवाना गर्न सक्नेछ।

(२) गाउँपालिकाको स्वीकृत बेगर शहरी सुव्यवस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरित सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामाग्री सडक वा सार्वजनिक स्तलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने, निषेधित क्षेत्रमा सवारी सादन पार्किङ तथा पसल व्यवसाय गर्ने व्यक्तिलाई गाउँपालिकाको सभाद्धारा स्वीकृत आर्थिक ऐनमा तोकिएको दर बमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ।

(३) गाउँपालिकाकाको इजाजत वा स्वीकृत लिई गर्नु पर्ने कार्यहरु जस्तो भवन निर्माण, जग्गा प्लटिङ, प्राकृतिक स्रोत साधन उत्खनन् कुनै व्यक्ति वा संस्थाले स्वीकृत नलिई गरेको पाइएमा सभाद्धारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिमको दरमा जरिवाना लगाई असूल उपर गरिनेछ।

**३६. व्याज (हर्जना) लाग्नेः** कुनै करदाताले यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर,दस्तुर, सेवा शुल्क समयमा दाखिला नगरेमा प्रचलित कानून बमोजिम तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ।

**३७. अभिलेख नराखेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम अभिलेख राखुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००।-शुल्क लाग्नेछ ।

**३८. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु. २०००।-शुल्क लाग्नेछ।

**३९. झुट्टा विवरण दिएमा शुल्क लाग्नेः** यस ऐनबमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले कर छल्ने नियतले झुट्टा र अधुरो विवरण दाखीला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को रु ५००० हजार जरिवाना लाग्नेछ।

**४०. व्याज नलाग्नेः** यस ऐनबमोजिम लाग्ने शुल्क व्याज (हर्जना) जरिवानामा पून व्याज लाग्ने छैन।

## परिच्छेद - १२

## पूर्वदिश र प्रशासकीय पुनरावलोकन र पुनराबेदन

**४१. पूर्वदिश माग गर्न सक्नेः** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूवदिश जारी गरी करदातालाई सो पूर्वदिश उपलब्ध गराउने छ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वदिश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वदिश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ।

**४२. प्रशासकीय पुनरावलोकन हुन सक्नेः** यस ऐनबमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण, र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र शुल्क, व्याज सम्बन्धी निर्णय। गैरकर राजश्व तथा अन्य दस्तुर,

**४३. प्रशासकीय पुनरावलोकनको प्रक्रियाः** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपर

चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ३० कार्यदिन भित्र कारर्वाही र किनारा गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी रकमको पचास प्रतिशत रकम धरौटी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन प्रकृया समाप्त भएपछि तिर्नु पर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धीत करदातालाई फिर्ता दिइनेछ।

## परिच्छेद - १३

## पुनरावेदन

**४४.उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन।

**४५. पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनिभत्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ।

## परिच्छेद - १४

## गैरकर राजश्व

**४६.सेवा शुल्क तथा दस्तुरः** (१) गाउँपालीकाले आफ्नो क्षेत्र भित्र संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुर्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेको केवल कर, मनोरञ्जन तता साहसिक खेलकुद सम्बन्धी सम्बन्धी सेवा वा व्यवसायमा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाई असूल उपर गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सेवा शुल्क सेवा संचालकले वार्षिक रुपमा दाखिला गर्नु पर्नेछ।

(४) उपदाफा (२) बमोजिमको सेवा शुल्क लागु भएका व्यवसायले आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर समेत एकै पटक संकलन गर्न सकिनेछ .

(५) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(क) खानेपानी, विजुली, एम्बुलेन्स, सबवहान, र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथी गृह, पार्क, स्नान गृह, पौडी पोखरी, व्यायामशाला, वस पार्क, छात्रावास, हाटबजार, पशु बधशाला र त्यस्तै अन्य सेवा सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मुल्याङकन सम्बन्धी सेवा,

(ङ) गाउँपालिकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिस, प्रमाणित, जस्ता सम्बन्धी सेवा,

(च) भवन निर्माण अनुमति दस्तुर, नक्सापास दस्तुर,

(छ) व्यक्तिगत घटना दर्ता विलम्ब वा प्रतिलिपी दस्तुर

**(६) देहाय बमोजिमका संस्था र व्यवसाय हरुको गाउँपालिकाले दर्ता,अनुमति नविकरण तथा नियमन गर्नेछः**

(क) सहकारी संस्था ,

(ख) एकसय वाट सम्मको एफ.एम रेडियो,

(ग) घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र,

(घ) कृषक समुह, खानेपानी मुहान दर्ता , खानेपानी उपभोक्ता समिति , संघ संस्था, आमा समुह, (ङ) आधारभुत तहको विद्यालय स्थापना ,

(च) ट्युसन तथा कोचिङ्ग सेन्टर,

(छ) औषधी पसल,

(ज) स्थानीय व्यापारिक फर्मको ,

(झ) घरेलु तथा साना उद्योगहारु,

(ञ) टावर राख्न अनुमति

माथि उल्लिखित सेवामा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ।

**४७. पर्यटन शुल्कः** (१) गाउँपालीकाले आफै निर्माण,संचालन र व्यवस्थापन गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय वा अन्य कुनै निकाय वा संघ संस्थाद्धारा व्यवस्थापन गरिएका पर्टकिय स्थल वा पर्यटकीय क्रियाकलापमा सभाद्धारा स्वीकृत आर्थक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र सभार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालीकाले अफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

**४८. सवारीसाधन पार्किङ्ग शुल्कः** (१) गाउँपालीकाले क्षेत्र भित्र आफूले निर्माण वा व्यवस्था वा तोकेको क्षेत्रमा पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा सभा द्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाई असूल उपर गरिनेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किंग शुल्क उठाउन सक्ने छैन।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गरिनेछ।

**४९. बहाल विटौरी शुल्कः** (१)गाउँपालीकाले आफ्नो स्वामित्वम रहेको वा आफुले निर्माण, रेखदेख वा संचालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल, वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गा र त्यस्ता जग्गामा बनेका संरचनाको उपयोग बापत सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बहाल विरौटीमा दिँदा अवधि तोकी शर्त सहित सम्झौता गरि दिनु पर्नेछ।

(३) यस दफा बमोजिम गाउँपालिकालाई बहाल विरौटी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सो को उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिने छैन र गाउँपालिका वा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस ऐनले बाधा पुर्याएको मानिनेछैन।

**५०.बिक्री तथा शुल्कः** (१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वाअन्य सार्वजनिक स्थलबाट वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुङ्गा, गिट्टी बालुवा एंव माटोजन्य वस्तुहरु सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरु विक्रीको लागि विक्री परिमाण तथआ न्यूनतम दर निर्धारण गरी वोलपत्र दरभाउ पत्र वा डाँक बढाबढ माध्यमबाट सो नभएमा घाटगद्धी गरी तोकिएको दरमा आफैले विक्री गर्न सक्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालिलत खानीवाट वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुङ्गा, गिट्टी बालुवा एंव माटोजन्य वस्तुहरुको उत्खनन्, संकलन, वा विक्रीमा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा संकलन शुल्क लगाउनेछ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्जनिक तथा ऐलानी जग्गामा काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्नेछ।

(५) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ।

(६) गाउँपालिकाले नागरिकको संविधानको लागि विभिन्न फाराम, पुस्तक, घर नम्बर प्लेट, नक्सा वा अन्य सेवाहरु सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ।

(७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ

**५१.सम्पत्ति भाडा/ वहाल: (१)** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको भवन, सभागृह, जग्गा, मेसनरी साधन, उपकरण आदिमा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भाँडा / वहालमा दिई आय आर्जन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम ६ महिना भन्दा बढी अवधिको लागि भाँडा वा वहालमा दिँदा प्रतिष्पर्धात्मक पद्धति अपनाइ भाँडा वा वहालमा दिनु पर्नेछ।

**५२.सामुदायिक वनबाट आय प्राप्त गर्ने:** (१) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकावाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक वनले गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ।

**५३. अन्यशुल्क लगाउन सक्ने:** (१) गाउँपालीकाले स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र गाउँ सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछी वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

## परिच्छेद - १५

## समन्वय सम्बन्धी व्यवस्था

**५४.नेपाल सरकारसंग समन्वय:** (१) गाउँपालीकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार गाउँपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालीकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका संबन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्ने छ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५५. प्रदेश सरकारसंग समन्वय:** (१) गाउँपालीकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा सोको अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालीकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५६. केन्द्रीय बैंकसँग समन्वयः** गाउँपालीकाले कर र गैरकर राजश्व सकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५७**. अन्य निकाय, कार्यालय र संस्थासंग समन्वयः** गाउँपालीका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ।

## परिच्छेद - १६

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्वन्धी व्यवस्था

**५८. राजस्व सम्वन्धी नयां प्रस्तावः** गाउँपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्ने कार्य स्थानीय सरकार संचालन ऐनको दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समिति मार्फत गरिनेछ।

**५९. सूचना सार्वजनिक गर्नु पर्नेः** (१) यस कानुन बमोजिम गाउँपलिकाले लगाएको कर र गैर कर राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नु पर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कर राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई गाउँपालिकाको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गाउँपालिकाले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार सम्बद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद – १७

## विविध

**६०.प्रगतिशिल कर प्रणाली अवलम्वन गरिनेः** गाउँपालिकाले यस ऐन बमोजिम लागुने करको दर निर्धारण गर्दा गरिव तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्वन गर्नु पर्नेछ।

**६१. अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि गाउँपालिकाको अधिकार प्राप्त अधिकारीलाई सम्बन्धित व्यक्तिलाई झिकाउने,बयान गराउने, प्रमाण बुज्ने र लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपालको कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

**६२. विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

**६३. आयठेक्का सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिने छैन।

तर जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर र विक्रीको लागि कार्यपालिले आवाश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा तीन वर्षको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न यस व्यवस्थाले बाधा परेको मानिनेछैन।

(३) यस दफा बमोजिम आय ठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(४)गाउँपालिकाले सामान्यतया आर्थिक वर्षको शुरु हुनुभन्दा अगावै आय ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(५) यस दफा बमोजिम हुने आय ठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक बढाबढ,पट्टा कबुलियती, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु गाउँपालिकाले स्वीकृत गरेको कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

आय आर्जन परियोजना सार्वजनिक निजी साझेदारीः (१) गाउँपालिकाले निजी क्षेत्रको समेत पूँजिगत लगानी भई दुबै पक्षले नाफा कमुने तथा जोखिम बेहोर्ने गरी सार्बजनिक निजी क्षेत्र साझेदारीबाट सेवा प्रदान गर्न सक्नेछ।

(२) सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तरगत दीर्घकालिन सम्पत्ति सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन करारको अवधि तीन वर्ष, सात वर्ष र दीर्घकालिन सम्पत्ति सिर्जना गरी निर्माण गरी गरिने निर्माण संचालन हस्तान्तरण काररको अवधि वीस वर्ष भन्दा बढी हुनेछैन।

(३) गाउँपालिकाले सार्वजनिक निजी साझेदारी कार्य गराउँदा इच्छुक सबैले प्रतिस्पर्धा गर्न सक्ने गरी प्रकृया अवलम्वन गर्नु पर्दछ।

(४)सार्वजनिक निजी साझेदारी सम्झौता बमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि गाउँपालिकाको हुनेछ।

**६४. अनुसूचीमा हेरफेरः** गाउँ कार्यपालिका/नगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ।

**६५. कागजातको ढाँचाः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाछी, वेभसाइट र स्थानीय पत्र पत्रीकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ।

**६६. सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

**६७.कागजातको अभिलेख राखेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राखु पर्नेछः

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात।

(ख) कर निर्धारण गर्न सघाउ पुर्याकउने कागजातहरु।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात।

(२) गाउँकार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ५ वर्षको अवधीसम्म

**६८.आदेश वा निर्देशन दिन सक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ/नगर कार्यपालिकाको कर्तव्य हुनेछ।

**६९. कर अधिकृतको परिचय पत्रः** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

**७०. विभागीय कारवाही र सजाय हुनेः** (१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राखे अवधि तीन महिना भन्दा बढी हुने छैन।

**७१. पुरष्कृत गर्न सक्ने**: (१) गाउँपालिकाले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखीला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) वमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

**७२. म्याद, हदम्याद नजाने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

**७३. नियमावली,निर्देशिका, दिग्दर्शन (म्यानुयल) वा कार्यविधि बनाउने अधिकार**: (१)यस ऐनवमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, दिग्दर्शन वा कार्य विधि बनाउन सक्नेछ।

**७४.बाधा अड्काउ फुकाउने अधिकार**: (१) यस ऐनको कार्यन्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमकार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारीको प्रयोग गार्दा यस ऐनमा उल्लिखित मूलभुत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

**७५.बचाउ**: यो ऐन लागु हुनुपूर्व गाउँपालिकाले लगाएका कर तथा गैर कर तथा सो सम्बन्धित भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत